**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २१ जनवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- विभिन्न लम्बित मागहरूलाई लिएर आज स्वास्थ्य भवन अभियानको आह्वान गर्ने पश्चिम बंगालका आशा कर्मीहरूलाई राज्यका पुलिसले विभिन्न भागहरूबाट कोलकाता आउनदेखि रोक लगाएको छ।

- भारतीय निर्वाचन आयोग (ECI) ले पश्चिम बंगाल सरकारलाई मतदाता सूचीमा नाम अवैध रूपमा समावेश गर्ने आरोपमा संलग्न चार अधिकारीहरू विरुद्ध हालसम्म गरिएको कारबाहीको बारेमा प्रतिवेदन मागेको छ ।

- भारतीय प्रविधि संस्थान (IIT) खड़गपुरको ७५ औं वार्षिकोत्सव (प्लेटिनम जयन्ती) को अवसरमा 30 जनवरी देखि 1 फेब्रुअरी सम्म अन्तर्राष्ट्रिय लोक संगीत महोत्सव "सुर जहाँ" आयोजना हुँदैछ।

- आठ बुँदे मागहरु लिएर आज डेमोक्रेटिक यूथ फेडरेशन ऑफ इंडिया (DYFI) दार्जिलिङ जिल्ला समितिले जिल्ला मजिस्ट्रेटलाई ज्ञापनपत्र बुझाएको छ।

- मौसम विभागले राज्यका पश्चिमी जिल्लाहरू र उत्तर बंगालको पहाडी क्षेत्रहरू बाहेक, धेरैजसो भागहरूमा चिसो कम भएको बताएको छ।

**आशा कर्मी**

विभिन्न लम्बित मागहरूलाई लिएर आज स्वास्थ्य भवन अभियानको आह्वान गर्ने पश्चिम बंगालका आशा कर्मीहरूलाई राज्यका विभिन्न भागहरूबाट कोलकाता आउनदेखि रोक लगाएको छ। उत्तर र दक्षिण बंगालका अलग-अलग जिल्लाहरूबाट राजधानीतर्फ आइरहेका आशा कर्मीहरूले परिवहन र पुलिस स्तरमा बाधा उत्पन्न गरेको दाबी गरेका छन्। यसको विरोधमा धेरैवटा ठाउँमा सड़क अवरोध गरिएको कारणले स्थिति तनाउपूर्ण भएको छ। बाँकुड़ा जिल्लाको खातड़ा क्षेत्रमा आशा कर्मीहरूले बस नपाएको विरोधमा पम्प मोड़मा सड़क जाम गारिदिए जसबाट खातड़ा–बाँकुड़ा र खातड़ा–सिमलापाल मार्गमा यातायात पूर्ण रूपले ठप्प भयो।अर्को तर्फा स्वास्थ्य भवन जानका लागि आज बिहान आसनसोल स्टेशन पुगेका आशा कार्यकर्ताहरूलाई पश्चिम बंगाल पुलिस र जीआरपीले संयुक्त रूपमा रोकेको आरोप छ।प्रदर्शनकारीहरूले यस अवधिमा उनीहरूलाई दुर्व्यवहार र उत्पीडन गरेको दाबी गरेका छन्।यस घटनाको कडा विरोध गर्दै, आसनसोल जिल्ला भारतीय जनता पार्टीले विरोध गरिरहेका आशा कार्यकर्ताहरूलाई आफ्नो नैतिक समर्थन घोषणा गरेको छ।भाजपा नेता कृष्णेन्दु मुखर्जीले आशा कार्यकर्ताहरू राज्यको स्वास्थ्य प्रणालीको मेरुदण्ड भएको बताउनुभएको छ। उहाँले राज्य सरकारले आशा कार्यकर्ताहरूको मागहरूलाई दबाउन पुलिस प्रयोग गरेको साथै धम्की र बल प्रयोग गरेर आम जनताको लोकतान्त्रिक आन्दोलनलाई दबाउन खोजेको आरोप लगाउनुभएको छ।आशा कार्यकर्ताहरूलाई समर्थन गर्ने आश्वासन दिनुहुदै, उहाँले आवश्यक परेमा सियालदहमा प्रदर्शनकारीहरूलाई यातायातको व्यवस्था गरिने बताउनुभयो। उहाँले भविष्यमा पुलिसद्वारा गरिने कुनै पनि अवरोध वा दमनकारी कारबाहीको प्रत्यक्ष प्रतिरोध हुने चेतावनी पनि बताउनुभयो।

**ECI पश्चिम बंगाल**

भारतीय निर्वाचन आयोग (ECI) ले पश्चिम बंगाल सरकारलाई मतदाता सूचीमा नाम अवैध रूपमा समावेश गर्ने आरोपमा संलग्न चार अधिकारीहरू विरुद्ध हालसम्म गरिएको कारबाहीको बारेमा प्रतिवेदन मागेको छ। आयोगले राज्यका मुख्य सचिवलाई पत्र लेख्दै संलग्न अधिकारीहरू विरुद्ध उठाएको कदमहरूको विवरणसहित ७२ घण्टा भित्र विस्तृत प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ। आयोगले यो प्रतिवेदन २४ जनवरी साँझ ५ बजेसम्ममा बुझाउनु पर्ने स्पष्ट पारेको छ ।आयोगले आफ्नो पत्रमा कुन अधिकारी वा विभागहरूले आफ्ना निर्देशनहरूको पालना गर्न असफल भए र ती कार्यान्वयन गर्न असफल हुनुको कारणहरू पनि जान्न खोजेको छ। आयोगले आयोगको निर्देशनहरूको उल्लङ्घन गर्दै निर्णय लिने अधिकारी वा विभागहरूबाट नियमहरू किन पालना गरिएन भनेर व्याख्या गर्दै लिखित स्पष्टीकरण माग्न निर्देशन दिएको छ।

निर्वाचन आयोगले चार अधिकारीहरू विरुद्ध गरिएको सम्पूर्ण अनुसन्धानसँग सम्बन्धित सबै कागजातहरू पनि मागेको छ, जसमा लगाइएका आरोपहरू, अनुसन्धान प्रतिवेदन, अधिकारीहरूको जवाफ, सजाय आदेश र फाइल नोटिङहरू समावेश छन्।उल्लेखनीय छ, पूर्व मेदिनीपुर जिल्लाको मैना र दक्षिण २४ परगनास्थित बरुईपुर पूर्व विधानसभा क्षेत्रमा गलत मतदाता सूची प्रविष्टिहरूको आरोप लागेपछि, आयोगले एफआईआर दर्ता र सम्बन्धित निर्वाचन पंजीकरण अधिकारीहरू (ERO) लाई निलम्बन गर्ने आदेश दिएको थियो। कारबाहीको आदेश दिइएका चार अधिकारीहरू तथागत मण्डल, देवोत्तम दत्त चौधरी, विप्लव सरकार र सुदिप्त दास हुन्, सबै पश्चिम बंगाल सिविल सेवाका अधिकारीहरू हुन्।आयोगले तत्कालीन मुख्य सचिव मनोज पन्तलाई यी अधिकारीहरू विरुद्ध एफआईआर दर्ता गर्न पनि निर्देशन दिएको थियो र यस सम्बन्धमा दुई पत्रहरू पठाएको थियो। यी आदेशहरूको पालनामा ढिलाइ भए पनि, आयोगले जनवरी २ मा सम्बन्धित दुई जिल्ला मजिस्ट्रेटहरूलाई एफआईआर दर्ता गर्न सिधै निर्देशन दिएको थियो। यद्यपि, यी निर्देशनहरू लगभग २० दिन बितिसक्दा पनि कार्यान्वयन भएनन्। यसैबीच, राज्य मुख्य निर्वाचन अधिकारी (CEO) को कार्यालयले जिल्ला मजिस्ट्रेटहरूलाई दुईवटा रिमाइन्डर पठाएको थियो।यसपछि, नवान्ना (राज्य सचिवालय) ले राज्यका महाधिवक्ताबाट कानुनी सल्लाह खोज्यो र त्यसपछि सीईओको कार्यालयलाई पत्र पठायो। पत्रमा चार अधिकारीहरू विरुद्ध लगाइएका आरोपहरू एफआईआर दर्ता गर्न अपर्याप्त रहेको र कथित रूपमा साना अपराधहरूको लागि यति कडा सजाय उपयुक्त नहुने उल्लेख गरिएको छ। यस सन्दर्भमा, राज्यले "साना अपराध" को लागि किन यस्तो "कडा सजाय" दिइँदैछ भनेर पनि प्रश्न उठाएको छ।यद्यपि, निर्वाचन आयोग आफ्नो अडानमा अडिग रह्यो र बुधबार मुख्य सचिवबाट विस्तृत प्रतिवेदन बुझायोउल्लेखनीय छ , देवोत्तम दत्त चौधरी र तथागत मण्डलले पहिले बरुईपुरमा क्रमशः ERO र AERO को रूपमा काम गरेका थिए, जबकि विप्लव सरकार र सुदिप्त दास मैना विधानसभा क्षेत्रमा समान पदमा थिए। हाल, देवोत्तम दक्षिण २४ परगना जिल्ला ग्रामीण विकास एजेन्सीमा उप-परियोजना निर्देशक छन्, तथागत मण्डल जयनगर-१ ब्लकमा १०० दिने रोजगार योजनामा संलग्न सहायक अधिकारी हुन्, विप्लव सरकार पूर्व मेदिनीपुरमा जिल्ला अल्पसंख्यक अधिकारी हुन्, र सुदिप्त दास तामलुक ब्लकमा पञ्चायत लेखा तथा लेखा परीक्षण अधिकारीको रूपमा काम गरिरहेका छन्। यसका साथै, सुरजित हलदर नामक डाटा एन्ट्री अपरेटर विरुद्ध पनि एफआईआर दर्ता गर्न आदेश दिइएको छ।

## भारतीय प्रविधि संस्थान (IIT) खड़गपुर

भारतीय प्रविधि संस्थान (IIT) खड़गपुरको ७५ औं वार्षिकोत्सव (प्लेटिनम जयन्ती) को अवसरमा 30 जनवरी देखि 1 फेब्रुअरी सम्म अन्तर्राष्ट्रिय लोक संगीत महोत्सव "सुर जहाँ" आयोजना हुँदैछ। यो तीन दिवसीय महोत्सवले भारत र विदेशका लोक सांस्कृतिक परम्पराहरूको संगम प्रदर्शन गर्नेछ।चार देशका अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध लोक संगीत समूहहरूले महोत्सवमा भाग लिनेछन्। लाटभियाका सॉसेयस, स्पेनका भिगुएला, डेनमार्कका रेडियन्ट आर्केडिया र हंगेरीको फोल्कर ब्यान्डले आफ्नो परम्परागत र समकालीन लोक संगीत प्रस्तुतिहरूद्वारा दर्शकहरूलाई मंत्रमुग्ध गर्नेछन्।

भारतीय लोक परम्पराहरूको प्रतिनिधित्व गर्दै, गुजरातका प्रसिद्ध "सिद्दी गोमा" नर्तकहरू र पश्चिम बंगालका "बाउल" कलाकारहरूले आध्यात्मिक र जीवन्त प्रस्तुतिहरू प्रस्तुत गर्नेछन्। यसका साथै, ओडिशाको कोरापुट क्षेत्रका "दुरुआ" जनजातिको लोक नृत्य र पश्चिम बंगालको संथाल कठपुतली कला "चादर बदर" पनि दर्शकहरूको लागि आकर्षणको केन्द्र हुनेछ।साँझका सांस्कृतिक कार्यक्रमहरूका साथै, दिनभरि विभिन्न कार्यशालाहरू आयोजना गरिनेछ। यी कार्यशालाहरू मार्फत, युवाहरूलाई लोक वाद्ययन्त्र र लोपोन्मुख लोक शैलीहरूसँग परिचित गराउने र कलाकारहरू र दर्शकहरू बीचको संवादलाई बढावा दिने प्रयास गरिनेछ।

## निर्वाचन आयोग सम्मेलन

प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले बुथ-स्तरीय अधिकारीहरू देशको निर्वाचन-आधारित लोकतान्त्रिक प्रणालीका आधारस्तम्भहरू भएको बताउनुभएको छ । लोकतन्त्र र निर्वाचन व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०२६ मा बोलनुहुदै श्री कुमारले भारत लोकतन्त्रको जननी भएको र प्रत्येक योग्य मतदातालाई समावेश गर्ने निष्पक्ष मतदाता सूचीहरू कायम राख्नु लोकतन्त्रलाई सुदृढ पार्न आवश्यक रहेको बताउनुभयो ।

श्री कुमारले भारतको ऐतिहासिक लोकतान्त्रिक प्रणालीको महत्त्वमाथि प्रकाश पार्दै प्रतिनिधिहरूलाई 6 सय ईसापूर्वमा निर्मित अशोक स्तम्भको भावना बुझ्न आग्रह गर्नुभयो। उहाँले सम्मेलन हजारौं वर्ष पुरानो अथर्ववेदको संस्कृत श्लोकमा आधारित भएको बताउनुभयो। यो श्लोकले ग्राम समितिहरूको वर्णन गर्दछ। श्री कुमारले विगत केही दशकहरूमा निर्वाचन व्यवस्थापन निकायहरूको कार्यप्रणालीमा महत्त्वपूर्ण विकास भएको बताउनुभयो।

तीन दिवसीय यस  सम्मेलनमा लोकतान्त्रिक प्रणाली र निर्वाचन व्यवस्थापन रणनीतिहरूमा व्यापक छलफल हुनेछ। अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू, भारतमा रहेका विदेशी  मिशनका प्रमुखहरू, शैक्षिक विद्वानहरू र निर्वाचन प्रबंधन पेशेवरहरू सहित 70 भन्दा बढी देशका लगभग एक हजार  प्रतिनिधिहरू भाग लिइरहेका छन्। निर्वाचन आयोगले विश्वव्यापी चुनावी चुनौतीहरू र समाधान खोज्न केन्द्रित 40 भन्दा बढी द्विपक्षीय सत्रहरूमा भाग लिनेछ।

सम्मेलनको उद्घाटन सत्रमा निर्वाचन आयुक्तहरू डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशी र इन्टरनेशनल इन्स्टिच्युट फर डेमोक्रेसी एण्ड इलेक्टोरल असिस्टेन्सका महासचिव डा. केभिन कासास-जामोराले पनि भाग लिनुभएको थियो।

## डेमोक्रेटिक यूथ फेडरेशन ऑफ इंडिया

आठ बुँदे मागहरु लिएर आज डेमोक्रेटिक यूथ फेडरेशन ऑफ इंडिया (DYFI) दार्जिलिङ जिल्ला समितिले  जिल्ला मजिस्ट्रेटलाई ज्ञापनपत्र बुझाएको छ।

DYFI ले शहरका विभिन्न महत्त्वपूर्ण मार्गहरूमा न्याली निकालिएको थियो  जसको समापन जिल्ला मजिस्ट्रेटको कार्यालयमा ज्ञापनपत्र बुझाएर गरियो । कुनै पनि अप्रिय घटनालाई रोक्न जिल्ला मजिस्ट्रेटको कार्यालय वरिपरि ठूलो संख्यामा पुलिस तैनाथ गरिएको थियो। न्याली जिल्ला मजिस्ट्रेटको कार्यालयमा पुग्दा पुलिसले ब्यारिकेड लागाएर प्रदर्शनकारीहरूलाई रोकने प्रयास गर्दा DYFI कार्यकर्ताहरूले कार्यालय बाहिर धर्ना विरोध सुरु गरे। स्थिति नियन्त्रण गर्न, पुलिसले पछि प्रतिनिधिमण्डलका केही सदस्यहरूलाई प्रवेश गर्न अनुमति दिएको थियो। DYFI ले आफ्नो आन्दोलनको प्राथमिक उद्देश्य सिलगढीमा रोजगारीका अवसरहरू बढाउनु रहेको बताएको छ।

## विद्युत नीति

विद्युत मन्त्रालयले आज राष्ट्रिय विद्युत नीति २०२६ को नयाँ मस्यौदा जारी गरेको छ। यसले विकसित भारत २०४७ को दृष्टिकोण पूरा गर्न विद्युत क्षेत्रलाई रूपान्तरण गर्ने लक्ष्य राखेको छ। मन्त्रालयका अनुसार, नीतिले प्रतिव्यक्ति विद्युत खपत २०३० सम्ममा २००० किलोवाट घण्टा र २०४७ सम्ममा ४,००० किलोवाट घण्टाभन्दा बढी पुऱ्याउने लक्ष्य राखेको छ। २०२४-२५ मा प्रतिव्यक्ति विद्युत खपत १,४६० किलोवाट घण्टा थियो।

यो नीति भारतको जलवायु प्रतिबद्धताहरूसँग पनि मेल खान्छ, जसमा २०३० सम्ममा उत्सर्जन तीव्रतामा ४५ प्रतिशत कटौती समावेश छ। मन्त्रालयले  मस्यौदा नीतिले किफायती दरमा भरपर्दो र गुणस्तरीय बिजुलीको उपलब्धता सुनिश्चित गर्दै, भविष्यमुखी, आर्थिक रूपमा व्यवहार्य र वातावरणीय रूपमा दिगो बिजुली क्षेत्रको लागि एक व्यापक रोडम्याप प्रदान गर्ने बताएको छ। यो नीतिले २००५ मा अधिसूचित गरिएको वर्तमान राष्ट्रिय विद्युत नीतिलाई प्रतिस्थापन गर्नेछ।

## अभिषेक बनर्जी

तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक बनर्जीले पुरुलियाका जनतालाई यदि कुनै स्थानीय पार्टी नेता वा अधिकारीले उनीहरूसँग दुर्व्यवहार गरेमा तृणमूल कांग्रेसबाट टाढा नजानुहोस्, बरु सिधै उनीलाई गुनासो गर्ने अपील गर्नुभएको

छ। उहाँले भ्रष्टाचार वा दुर्व्यवहारमा संलग्नहरूलाई कुनै पनि हालतमा नछोडिने स्पष्ट पर्नुभएको छ ।आज पुरुलिया जिल्लाको हुडामा आयोजित "रण संकल्प सभा" लाई सम्बोधन गर्नुहुदै अभिषेक बनर्जीले , "पुरुलियाका जनतालाई यदि कुनै स्थानीय तृणमूल नेताले तपाईसँग दुर्व्यवहार गरेमा, कृपया "एक डाके अभिषेक" हेल्पलाइनमा कल गर्ने र उहाँलाई सिधै जानकारी दिने अनुरोध गर्नुभएको छ। अभिषेकले तृणमूल कांग्रेस उम्मेदवारलाई दिइएको कुनै पनि भोट सिधै मुख्यमन्त्री ममता बनर्जीलाई जाने बताउनुभयो। उनले ममता बनर्जीको नेतृत्वमा बंगालमा विकास, सामाजिक सुरक्षा र जन कल्याणकारी योजनाहरूमा प्रगति भएको पनि बताउनुभयो।

**गणतन्त्र दिवस**

७७ औं गणतन्त्र दिवसको मुख्य समारोहको लागि नयाँ दिल्लीको राष्ट्रिय राजमार्गमा तयारीहरू तीव्र गतिमा चलिरहेko छ। परेड हेर्न विभिन्न क्षेत्रका लगभग दश हजार व्यक्तिहरू विशेष अतिथिको रूपमा उपस्थित हुनेछन्। परेडले राष्ट्रको संस्कृति, सैन्य शक्ति र गौरवशाली सम्पदाको अनुपम मिश्रण प्रदर्शन गर्नेछ।

**सरकार-लघु उद्योग बैंक**

मन्त्रिमण्डलले अटल पेन्सन योजनालाई 2030-31 सम्म निरन्तरता दिने र प्रवर्द्धन र विकासात्मक गतिविधिहरूका लागि वित्तीय सहायता बढाउने निर्णय गरेको छ। असंगठित क्षेत्रका श्रमिकलाई वृद्धावस्थाको आय सुरक्षा प्रदान गर्ने उद्देश्य लिएर मई 2015 मा यो योजना सुरु गरिएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा आज नयाँ दिल्लीमा बसेको मन्त्रि मण्डलको बैठकले यस्तो निर्णय गरेको हो । यस योजनाले 60 वर्ष उमेर पूरा गरेपछि प्रति महिना एक हजारदेखि पाँच हजार रुपैयाँसम्म न्यूनतम पेन्सन प्रदान गर्दछ, जुन लाभार्थीको योगदानको आधारमा हुन्छ। यस योजना अन्तर्गत हालसम्म **आठ** करोड 66 लाखभन्दा बढी लाभार्थीहरू दर्ता भएका छन्।

**कुचबिहार नगरपालिका नयाँ चेयरम्यान**

विगत लामो समयदेखिको अनुमानमा विराम लगाउँदै कुचबिहार नगरपालिकाको नयाँ चेयरम्यानको रूपमा दिलीप साहाले पदभार ग्रहण गर्नुभएको छ। वर्तमान राजनीतिक समीकरणमा कुचबिहार जस्तो अहम नगरपालिकाको शीर्ष पदमा यो रूपान्तरणलाई अत्यन्त महत्वपूर्ण मानिँदैछ। आज नगरपालिकाको वार्ड नम्बर पाँचका पार्षद दिलीप साहाले औपचारिक रूपमा जिम्मेवारी सम्हालनु भएको छ।

**मौसम**

माघ महिनाको सुरुवातसँगै राजधानी कोलकाता सहित दक्षिण बंगालमा अचानक तापक्रम बढेको छ र जाडोको प्रभाव कम भएको छ।मौसम विभागका अनुसार आज कोलकाताको न्यूनतम तापक्रम १५.४ डिग्री सेल्सियस रेकर्ड गरिएको छ, जुन सामान्यभन्दा १.३ डिग्री बढी हो। अधिकतम तापक्रम पनि २६.४ डिग्री सेल्सियस पुगेको छ। विभागले सरस्वती पूजासम्म तापक्रम समान रहने अनुमान गरेको छ। राज्यको मौसम सुख्खा रहनेछ र राज्यको कुनै पनि भागमा वर्षा नहुने अनुमान गरिएको छ।राज्यका पश्चिमी जिल्लाहरू र उत्तर बंगालको पहाडी क्षेत्रहरू बाहेक, धेरैजसो भागहरूमा चिसो कम भएको छ। आगामी केही दिनमा दक्षिण बंगालमा तापक्रम थप दुई डिग्री सेल्सियसले बढ्न सक्छ। पश्चिमी जिल्लाहरूमा रातीको तापक्रम १० देखि १३ डिग्री सेल्सियससम्म रहने अनुमान गरिएको छ। बिहान कोलकाता सहित धेरै जिल्लाहरूमा हल्कादेखि मध्यम कुहिरो लाग्ने सम्भावना छ।उत्तर बंगालमा हाल बाक्लो कुहिरो लाग्ने सम्भावना छैन। यद्यपि, पहाडी क्षेत्रदेखि मैदानी क्षेत्रसम्मका केही ठाउँहरूमा हल्का कुहिरो लाग्न सक्छ। आगामी पाँच दिनमा न्यूनतम तापक्रममा कुनै उल्लेखनीय परिवर्तन हुने अपेक्षा गरिएको छैन। दार्जिलिङको पहाडी क्षेत्रहरूमा तापक्रम तीनदेखि पाँच डिग्री सेल्सियससम्म रहनेछ भने उत्तर बंगालका अन्य जिल्लाहरूमा १० देखि १५ डिग्री सेल्सियससम्म रहनेछ।

****** ० ******